**नेपाल सरकार**

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सिंहदरबार, काठमाण्डौं**

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) को व्यवस्था अनुसार अद्यावधिक र प्रकाशन: २०७१।४।१ देखि २०७१।६।३१ सम्म

(क) निकायको स्वरुप र प्रकृति

**सहकारी तथा गरिबी निवारण**

(ख) निकायको काम, कर्तव्य र अधिकार

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६९।०२।०५ को निर्णयानुसार नेपाल सरकार कार्य विभाजन (संसोधन सहित) नियमावली २०६६ स्विकृत भए अनुरुप सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्य निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. सहकारी र गरिबी निवारणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. सहकारी सङ्घ संस्थाको विकास, सुदृढिकरण र नियमन,
३. सहकारी र आर्थिक विकास,
४. सहकारीको प्रवर्द्धन र संरक्षण,
५. अन्तराष्ट्रिय सहकारी संगठनसम्बन्धी विषय,
६. अन्तराष्ट्रियस्तरमा सहकारी संस्थाको प्रवर्द्धन र विकास,
७. सहकारी बचत तथा ऋण लगानीसम्बन्धी विषय,
८. सहकारी र गरिबी निवारणसँग आबद्ध संघसंस्थाको अनुगमन, रेखदेख र नियमन,
९. सहकारी रकमको लगानी,
१०. सहकारी र गरिबी निवारणसम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन,
११. सहकारी र गरिबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय,
१२. सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान,
१३. सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रबर्द्धन, कामको समन्वय, अनुगमन र मूल्याङ्कन,
१४. सहकारी र गरिबी निवारणसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण,
१५. सहकारीसम्बन्धी क्षमता अभिवृद्धि,
१६. सहकारी र गरिबी निवारणसम्बन्धी आयोजनाको संभाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
१७. सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारणसम्बन्धी),
१८. राष्ट्रिय सहकारी विकास बोर्ड,
१९. सहकारी संघ-संस्था ।

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र. सं. | पद | श्रेणी | सेवा | समूह | कुल कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | १ |
| २ | सह-सचिव | रा.प.प्र. | प्रशासन | | २ |
| ३ | उप-सचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ६ |
| ४ | उप-सचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | १ |
| ५ | उप-सचिव (लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | १ |
| ६ | तथ्याङ्क अधिकृत | रा.प.द्वि..(प्रा.) | ने.आ.यो.तथा तथ्याङ्क | जनरल स्टा. | १ |
| ७ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | १० |
| ८ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | २ |
| ९ | तथ्याङ्क अधिकृत | रा.प.तृ. (प्रा.) | ने.आ.यो.तथा तथ्याङ्क | जनरल स्टा. | |
| १० | अर्थ विज्ञ | रा.प.तृ. (प्रा.) | कृषि सेवा | ए.इ.मा.एण्ड स्टा | १ |
| ११ | कम्प्युटर अधिकृत | रा.प.तृ. (प्रा.) | विविध | | १ |
| १२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ११ |
| १३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | २ |
| १४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ४ |
| १५ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | सा.प्र. | ३ |
| १६ | टाइपिष्ट | वेगअनुसार | प्रशासन | सा.प्र. | |
| १७ | सह-लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | १ |
| १८ | हुलका सवारी चालक | श्रणी विहिन | इन्जि | जन.मेकानिक | ६ |
| १९ | कार्यालय सहयोगी | श्रणी विहिन | प्रशासन | सा.प्र. | ९ |
| | **जम्मा** | | | | ६२ |

## कर्मचारी विवरण

| क्र.सं. | पद | नाम | महाशाखा/शाखा | कार्यालय नं. | मोवाईल नं. |
|---|---|---|---|---|---|
| १. | सचिव | श्री श्रीधर गौतम | | ४२११८६० | ९८५१०९५२०० |
| २. | सह-सचिव | श्री सुरेश प्रधान | योजना तथा गरिवी निवारण महाशाखा | ४२०००५८ | ९८४१३९९७५२ |
| ३. | सह-सचिव | श्री खड्ग बहादुर राना | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | |
| ४. | उप-सचिव | श्री सानुकाजी देसार | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६५७ | ९८४१४५८६०३ |
| ५. | उप-सचिव | श्री बिजुकुमार श्रेष्ठ | गरिवी निवारण शाखा | ४२११७९० | ९८४१२२३१६६ |
| ६. | उप-सचिव | श्री चन्द्र बहादुर ठकुरी | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | ९८४१५१३११५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | उप-सचिव | श्री बाबुराम भुसाल | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | ९८४१३५३६८३ |
| ८. | उप-सचिव (तथ्याङ्क) | श्री शिवराज न्यौपाने | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४१४४१९५१ |
| ९. | शाखा अधिकृत | श्री रोशनी श्रेष्ठ | गरिवी निवारण शाखा | ४२०००८० | ९८४१२८२६८० |
| १०. | शाखा अधिकृत | श्री प्रभुनाथ राई | सचिवज्यूको सचिवालय | ४२११८६० | ९८४१८१४४३६ |
| ११. | शाखा अधिकृत | | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | ९८४१४५६३३६ |
| १२. | शाखा अधिकृत | श्री हरि पौडेल | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४१४९१२०१ |
| १३. | शाखा अधिकृत | श्री लक्ष्मी नारायण बैद्य | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१३९५१३३ |
| १४. | शाखा अधिकृत | श्री धृता कुमारी खत्री | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४८१७४४५९ |
| १५. | शाखा अधिकृत | श्री नारायण कार्की | योजना तथा नीति तर्जुमा शाखा | ४२००४०६ | ९८४९७६३१३७ |
| १६. | शाखा अधिकृत | श्री गुणा राई | गरिवी निवारण शाखा | ४२०००८० | ९८४१३६०५२१ |
| १७. | कम्प्यूटर अधिकृत | श्री सनत कुमार न्यौपाने | योजना तथा नीति तर्जुमा शाखा | ४२००४०६ | ९८४१६१५४८० |
| १८. | लेखा अधिकृत | श्री राजन न्यौपाने | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१४३४४०७ |
| १९. | लेखा अधिकृत | श्री जगनाग पौडेल | आर्थिक प्रशासन शाखा | ४२११५७६ | |
| २०. | लेखापाल | श्री गिरीराज रेग्मी | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१३२३५२६ |
| २१. | ना.सु. | श्री अनुपमान उदास | गरिवी निवारण शाखा | ४२११७९० | ९८०८००६६८७ |
| २२. | ना.सु. | श्री कृष्णप्रसाद भुसाल | स्टोर | ४२११६३७ | ९८४१७०९८९७ |
| २३. | ना.सु. | श्री राधा एम.सी. | कानून शाखा | | ९८४१३०८९७५ |
| २४. | ना.सु. | श्री भोलानाथ भण्डारी | सहकारी प्रवर्द्धन शाखा | ४२११४२० | ९८४१५४६७८४ |
| २५. | ना.सु. | श्री राजेश कुमार लम्साल | योजना तथा गरिवी निवारण महाशाखा | ४२०००५८ | ९८४९६९७९६२ |
| २६. | ना.सु. | श्री श्रीप्रसाद तिवारी | मा.मन्त्रीज्यूको सचिवालय | ४२०००५५ | ९८४१४९१२०८ |
| २७. | ना.सु. | श्री अमृता दुरा | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४९३६२६९५ |
| २८. | ना.सु. | श्री सूर्यकुमार श्रेष्ठ | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | |
| २९. | ना.सु. | श्री | अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा | ४२०००६० | |
| ३०. | ना.सु. | श्री | योजना तथा नीति तर्जुमा शाखा | ४२००४०६ | |
| ३१. | खरिदार | श्री विरेन्द्र अधिकारी | दर्ता/चलानी | | ९८४१२५६७९१ |
| ३२. | खरिदार | श्री बाबुराम पौडेल | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | ९८४१७७३५८० |
| ३३. | खरिदार | श्री हरि गोपाल डंगोल | सचिवज्यूको निजी सचिवालय | ४२११८६० | ९८४१२४८३१८ |
| ३४. | स.ले.पा. | श्री सुरेन्द्र पोखरेल | लेखा शाखा | ४२११५७६ | ९८४९६७४५०३ |
| ३५. | क.अपरेटर (करार) | श्री समीक्षा मिश्र | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१७१३३८८ |
| ३६. | क. अपरेटर(करार) | श्री प्रतिभा अधिकारी | योजना शाखा | ४२००४०६ | ९८४३०६८८१९ |
| ३७. | क.अपरेटर(करार) | श्री महानन्द जोशी | लेखा/स्टोर | ४२११६३७ | ९८०६४८५६२० |
| ३८. | ह.स.चा.(करार) | श्री मिनु गोले | सहकारी तथा व्यवस्थापन महाशाखा | | ९८४११९७८२९ |
| ३९. | ह.स.चा.(करार) | श्री सानुकान्छा श्रेष्ठ | योजना तथा गरिवी निवारण महाशाखा | | ९८४३७२८९२२ |
| ४०. | ह.स.चा.(करार) | श्री रामकृण्ण मानन्धर | सचिवज्यूको सचिवालय | | ९८४३६०५५३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१. | ह.स.चा.(करार) | श्री | सहकारी प्रवर्द्धन शाखा | | |
| ४२. | ह.स.चा.(करार) | श्री चित्र बहादुर कार्की | योजना तथा नीति तर्जुमा शाखा | | ९८०८५६८५९० |
| ४३. | ह.स.चा.(करार) | श्री सानुकुमार देसार | प्रशासन तथा जनशक्ति विकास शाखा | | |
| ४४. | का. स. | श्री होम बहादुर बस्नेत | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१७८१७१४ |
| ४५. | का. स. | श्री सविना डंगाल | दर्ता/चलानी | | ९८४१८०७६४० |
| ४६. | का. स. (करार) | श्री अनु तामाङ | मा.मन्त्रीज्यूको सचिवालय | ४२०००५५ | ९८०३०५१५६९ |
| ४७. | का. स. (करार) | श्री दिपा कार्की | सचिवज्यूको सचिवालय | ४२११८६० | ९८४१७५६३५० |
| ४८. | का. स. (करार) | श्री किशोर भुजेल | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८६०२९८९५१ |
| ४९. | का. स. (करार) | श्री कृष्ण बहादुर खत्री | दर्ता/चलानी | | ९८१८६१३४०७ |
| ५०. | का. स. (करार) | श्री शशिकला खत्री | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४९४७०५७५ |
| ५१. | का. स. (करार) | श्री बिमला दुलाल | लेखा शाखा | ४२११५७६ | |
| ५२. | का. स. (करार) | श्री अनुसुईया पौडेल | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | ९८४१०३८५५२ |

(घ) निकायबाट प्रदान गरिने सेवा

१. सहकारीको विकास तथा अनुगमन गर्ने ।
२. देशको गरिबीको अवस्था पहिचान गर्न सर्वेक्षण गर्ने ।
३. सहकारीको माध्यमबाट गरिबी निवारणमा सहयोग गर्ने ।

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

**महाशाखा तथा शाखाको कार्यविवरण**

क) सहकारी तथा व्यवस्थापन महाशाखा

- ❖ सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने,
- ❖ सहकारी र गरिबी निवारण सम्बन्धी कानून, नियम तर्जुमा गर्ने,
- ❖ अन्तर्राष्ट्रिय सहकारी संगठनसंग समन्वय र सम्पर्क गर्ने,
- ❖ जिन्सी प्रशासन सम्बन्धी कार्य गर्ने,
- ❖ कर्मचारी प्रशासन सम्बन्धी कार्य,
- ❖ राष्ट्रिय सहकारी विकास बोर्ड सम्बन्धी कार्य गर्ने,
- ❖ सहकारी सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्य,
- ❖ निर्देशित अन्य कार्य ।

१. प्रशासन तथा जनशक्ति विकास शाखा

- आन्तरिक प्रशासन,

- कर्मचारी प्रशासन सम्बन्धी,
- स्वदेशी एंव वैदेशिक छात्रवृति, तालिम आदि सम्बन्धी कार्य,
- तोकिएका अन्य कार्य ।

२. <u>सहकारी प्रवर्द्धन शाखा</u>

- सहकारी शिक्षा, सूचना र तालिम सम्बन्धी,
- सहकारी संघ संस्थाको प्रवर्द्धन गर्ने सम्बन्धी,
- सहकारी प्रवर्द्धन सम्बन्धी लक्षित कार्यक्रम संचालन गर्ने,
- सरकार-सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने,
- सहकारी संघ संस्थाको सुशासन सम्बन्धी,
- पुराना संघ संस्था सम्बन्धी कार्य,
- तोकिएका अन्य कार्य ।

३. <u>ऐन, नियम परामर्श शाखा</u>

- सहकारी ऐन, नियम सम्बन्धी,
- सहकारी एंव गरिबी निवारण सम्बन्धी संघ संस्थाको मापदण्ड तर्जुमा गर्ने,
- मन्त्रालय सम्वद्ध ऐन नियमको तर्जुमा,
- तोकिएका अन्य कार्य ।

४. <u>आर्थिक प्रशासन शाखा</u>

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण काम,
- बेरुजु फछ्यौंट सम्बन्धी काम,
- तोकिएका अन्य कार्य ।

ख) योजना तथा गरिबी निवारण महाशाखा

- ❖ सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको समन्वय, अनुगमन र मूल्यांकन गर्ने,
- ❖ सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमन गर्ने,
- ❖ सहकारीको प्रवर्द्धन र संरक्षण गर्ने,
- ❖ सहकारी र गरिबी निवारणसंग आवद्ध संघ संस्थाको अनुगमन, रेखदेख र नियमन गर्ने,
- ❖ सहकारी र गरिबी निवारणसंग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय गर्ने,
- ❖ सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान गर्ने,
- ❖ सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवर्द्धन, कामको समन्वय, अनुगमन र मूल्यांकन गर्ने,
- ❖ सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारण सम्बन्धी) हासिल गर्ने सम्बन्धी विषय

❖ सहकारी संघ संस्थाको अधावधिक विवरण तयार गर्ने,
❖ निर्देशित अन्य कार्य ।

१. योजना तथा नीति तर्जुमा शाखा

- सहकारी एंव गरिबी निवारण सम्बन्धी वार्षिक र अवधिक योजना तर्जुमा,
- सहकारी एंव गरिबी निवारण सम्बन्धी नीति निर्माण गर्ने,
- सहकारी संघ संस्थाहरुलाई संचालन तथा पूँजीगत अनुदान सहयोग सम्बन्धी,
- सहकारी एंव गरिबी निवारण सम्बन्धी क्षेत्रीय एंव अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंगको सम्बन्ध,
- तोकिएका अन्य कार्य ।

२. गरिबी निवारण शाखा

- गरिबी निवारण कोष सम्बन्धी,
- गरिबी निवारण सम्बन्धी मापदण्डको निर्धारण, रेखांकन ९:बउउप्लन० तथा पहिचान गर्ने,
- गरिबीको स्थिती र अवस्था बारे अध्ययन र अनुसन्धान गर्ने,
- गरिबी निवारणका लक्षित कार्यक्रम संचालन र समन्वय गर्ने,
- गरिबी निवारणसंग सम्बन्धित राष्ट्रिय एंव अन्तर्राष्ट्रिय संघ संस्थासित सम्पर्क एंव समन्वय गर्ने,
- तोकिएका अन्य कार्य ।

३. अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा

- सहकारी संघ संस्थाको अनुगमन र नियमन,
- सहकारी सम्बन्धी अध्ययन अनुसन्धान,
- सहकारीको राष्ट्रिय तथ्यांक व्यवस्थापन,
- तोकिएका अन्य कार्य ।
- सहकारी एंव गरिबी निवारण सम्बन्धी कार्यक्रम/आयोजनाको अनुगमन तथा मूल्यांकन ।

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | कामको विवरण | काम सम्पन्न गर्ने अवधि | सम्पर्क अधिकारी/महाशाखा प्रमुख/शाखा प्रमुख | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १. | मन्त्रालयसित सम्बन्धित सूचनाहरु उपलब्ध गराउने | १५ दिन भित्र | सूचना अधिकारी | • सामान्य आकारको कागजमा सूचनाको लगि प्रतिपृष्ठ रु. ५।-<br>• ठूलो आकारको कागजमा सूचनाको लागि प्रतिपृष्ठ रु. १०।-<br>• प्रति डिस्केट, सिडि रु. ५०।- |
| २. | सम्पादित कार्यको भुक्तानी | १५ दिन भित्र | लेखा प्रमुख | नलाग्ने |
| ३. | धरौटी फिर्ता | १५ दिन भित्र | लेखा प्रमुख | नलाग्ने |
| ४. | भन्सार छुट सुविधा | ७ दिन | सहकारी प्रवर्द्धन | नलाग्ने |

| | | | शाखा प्रमुख | |
|---|---|---|---|---|

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी
शाखा, महाशाखा र सचिब स्तर
(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

| सि.नं. | कामको विवरण | सम्पर्क अधिकारी/महाशाखा प्रमुख/शाखा प्रमुख | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १. | मन्त्रालयसित सम्बन्धित सूचनाहरु उपलब्ध गराउने | सूचना अधिकारी | सचिव |
| २. | सम्पादित कार्यको भुक्तानी | लेखा प्रमुख | सचिव |
| ३. | धरौटी फिर्ता | लेखा प्रमुख | सचिव |
| ४. | भन्सार छुट सुविधा | सहकारी प्रवर्द्धन शाखा प्रमुख | सचिव |

(झ) सम्पादन गरेको कामको विवरण

## १. अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस कार्यक्रम

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को संयुक्त आयोजनामा मिति २०७१ आश्विन ३१ गते (तदनुसार २०१४ अक्टोवर १७) का दिन **अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस**, नेपालमा पहिलो पटक विविध कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको छ । यसै सन्दर्भमा, सम्माननीय प्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री श्री सुशील कोईरालाको प्रमुख आतिथ्य तथा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री श्रीधर गौतमको अध्यक्षतामा Tackling Poverty : Road to Prosperity विषयमा गोष्ठीको आयोजना गरिएको थियो ।

उक्त गोष्ठीमा मन्तव्य दिनुहुँदै सम्माननीय प्रधानमन्त्रीबाट २००७ साल पछि विकास निर्माणमा खर्च गर्नुपर्ने समय संघर्षमा विताउनु परेकोले उर्जा, कृषि, पर्यटन र जडीबुटीका क्षेत्रमा अपार संम्भावना हुँदाहुँदै पनि मुकुक पछाडि पर्नु परेको कुरा उल्लेख गर्दै मुलुकमा शान्ति र स्थिरता आएपछि विकासको गतिले तीब्रता लिने कुरा बताउनु भयो । प्रधानमन्त्री सुशील कोइरालाले मुलुकमा शान्ति र स्थायित्व नहुँदा प्राकृतिक हिसाबले धनी मुलुक पनि गरिब बन्नु परेको बताउनु हुँदै तोकिएको समयमा संविधान निर्माण गर्न सरकार लागी परेको र यसका लागि राजनीतिक दलहरु इमान्दारिताका साथ लागेको भन्दै संविधान निर्माणपछि मुलुकले शान्ति र स्थिरता पाउने बताउनुभयो ।

उक्त गोष्ठीमा मुख्य सचिव लीलामणि पौडेलले गरिबी निवारण कार्यक्रमलाई लक्षित वर्गमा जति सुधार हुनुपर्ने हो त्यस ढंगले काम गर्न नसकेको भन्दै सरकारी निकायहरुबीच समन्वय गर्दै यस कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । हामी गरिब भयौं भन्दा पनि हामीसँग भएका प्राकृतिक सम्पदाको अधिकतम लाभ लिनेतर्फ सोचाई र कार्यक्रम बनाउनु जरुरी रहेको उहाँको भनाई थियो । पौडेलले विप्रेषण अर्थतन्त्रको दिगो आधार नभएकोले यसको विकल्पतर्फ बेलैमा सोच्नुपर्ने भन्दै रोजगारी सृजना गर्ने खालका लगानीलाई प्रोत्साहन गर्न जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदीश चन्द्र पोखरेल र डा. वीना प्रधानले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । पोखरेलले शिक्षा, स्वास्थ्य र पोषणका क्षेत्रमा भएको सुधारका कारण गरिबी न्युनीकरणको सुचकमा पनि सुधार आएको तथ्य प्रस्तुत गर्दै यसलाई अझ ठोस र दिगो रुपमा अगाडि बढाउनु जरुरी रहेको बताउनुभयो । त्यसैगरी डा. प्रधानले महिला सशक्तिकरण र नेतृत्व विकासले समाज विकासमा महत्वपूर्ण भूमिका खेल्ने भन्दै महिलाले घरमा गर्ने कामको पनि आर्थिक रुपमा लेखाजोखा हुनुपर्ने बताउनुभयो ।

## २. सार्क विकास लक्ष्य (SDGs) २००५-२०१२ सम्बन्धी अन्तरक्रिया कार्यक्रम

दक्षिण एसियाली राष्ट्रहरुको क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रहरुको गरिबी निवारण सम्बन्धी तेस्रो मन्त्रीस्तरीय र पाँचौ सचिवस्तरीय बैंठक २०६९ साल चैत्र २२-२३ (तदनुसार ५-६ अप्रिल, २०१३) मा काठमाण्डौंमा सम्पन्न भएको बैठकको निर्णयहरु मध्ये सदस्य राष्ट्रहरुले आफ्नो मूलुकको सार्क विकास लक्ष्य (२००५-२०१२) को Progress Report सार्क सचिवालयमा पेश गर्नुपर्ने उल्लेख भएअनुसार सार्क विकास लक्ष्यको मस्यौदा राष्ट्रिय प्रतिवेदनलाई अन्तिम रुप दिई सार्क सचिवालयमा पठाउने प्रयोजनार्थ विभिन्न मन्त्रालय तथा सरोकारवाला निकायहरुसंगको सहभागितामा मिति २०७१।०६।१० गतेका दिन मन्त्रालयका सचिव श्रीधर गौतमको अध्यक्षतामा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । सो अन्तर्क्रिया कार्यक्रममा सूचना तथा संचार मन्त्रालय, उर्जा, महिला बालबालिका तथा समाज कल्याण, श्रम तथा रोजगार, कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला, संघीय मामिला तथा स्थानीय विकास, सहरी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो ।

## ३. राष्ट्रिय गरिबी निवारण नीति तर्जुमा सम्बन्धी राष्ट्रिय तथा क्षेत्रीय अन्तरक्रिया कार्यक्रम

(क) सहकारी तथा गरिबी निवारण मन्त्रालय, एक्सन एड अन्तर्राष्ट्रिय नेपाल र होमनेट नेपालको त्रिपक्षीय समझदारी-पत्रमा हस्ताक्षर भई राष्ट्रिय गरिबी निवारण नीति तर्जुमाको कार्यलाई अघि बढाईएको छ । सोही क्रममा मन्त्रालयले अन्तर मन्त्रालय/निकायगत सम्पर्क पदाधिकारीहरु वीच छलफल तथा अन्तर्क्रिया गरी राय/सुझाव लिने उद्धेश्यले मिति २०७१।५।२५ गतेका दिन मन्त्रालयका सह-सचिव एवं निर्देशक समितिका संयोजक श्री सुरेश प्रधानको संयोजकत्वमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त अन्तर्क्रिया कार्यक्रममा अर्थ, सुचना तथा संचार, उर्जा, महिला, बालबालिका तथा समाज कल्याण, श्रम तथा रोजगार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला, संघीय मामिला तथा स्थानीय विकास, केन्द्रीय तथ्यांक विभाग लगायत अन्य सरोकारवाला निकायहरुको सहभागिता रहेको थियो ।

(ख) राष्ट्रिय शहरी तथा ग्रामीण गरिबी निवारण नीतिको मस्यौदा तर्जुमा गर्ने सिलसिलामा सहकारी तथा गरिबी निवारण मन्त्रालले एक्सनएड अन्तर्राष्ट्रिय नेपाल र होमनेट नेपालसंगको साझेदारीमा मिति २०७१ साल असोज ३ गते विशिष्ट तहका नीति निर्माता, विषय विज्ञ र नेपाल सरकारका बरिष्ठ पदाधिकारीहरुसंग अन्तर्क्रिया गरी गोष्ठी सम्पन्न भयो ।
कार्यक्रमको शुरुवातमा मन्त्रालयका उप-सचिव श्री बिजुकुमार श्रेष्ठले स्वागत मन्त्तव्य प्रस्तुत गर्नुभएको थियो भने सह-सचिव श्री सुरेश प्रधानले अन्तर्क्रिया गोष्ठीको उद्देश्य र नीतिको मस्यौदा तर्जुमाका लागि मन्त्रालयले अघि सारेको कार्ययोजना माथि प्रकास पार्नुभएको थियो ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री श्रीधर गौतमको अध्यक्षतामा बसेको उक्त अन्तर्क्रिया गोष्ठीमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष त्रय प्रा. डा. जगदीश चन्द्र पोखरेल र प्रा. डा. पिताम्बर शर्मा, डा. रविन्द्रकुमार शाक्य, माननीय सदस्य प्रा. डा. गोविन्द नेपाल, पूर्व सदस्यहरु, नेपाल सरकारका बरिष्ठ कर्मचारीहरु र विषयगत विज्ञहरु समेतको सहभागिता रहेको थियो ।

प्रस्तावित राष्ट्रिय शहरी तथा ग्रामीण गरिबी निवारण नीति तर्जुमाको लागि विषयगत सुझावहरु संकलन गर्ने, नीतिले समेट्नुपर्ने मूलभुत विषयहरु एकीन गर्ने, नेपालको सन्दर्भमा गरिबीको बुझाई बारे समीक्षा गर्ने उद्देश्यले आयोजित उक्त अन्तर्क्रिया कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. गोविन्द नेपालले नेपाल सरकारको अवधारणा विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने राष्ट्रिय श्रम प्रतिष्ठानका अध्यक्ष डा. शिव शर्माले श्रमिक गरीबको दृष्टिकोणमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अन्तर्क्रिया कार्यक्रमलाई पूर्व उपाध्यक्ष द्वय प्रा. डा. जगदीश चन्द्र पोखरेल र प्रा. डा. पिताम्बर शर्माले संयोजन गर्नुभएको थियो ।

(ग) राष्ट्रिय शहरी तथा ग्रामीण गरिबी निवारण नीतिको मस्यौदा तर्जुमा गर्ने सिलसिलामा सहकारी तथा गरिबी निवारण मन्त्रालय, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल र होमनेट नेपालसंगको साझेदारीमा मिति २०७१ साल असोज २९ गते सरोकारवालाहरुसंगको सहभागितामा मध्यमाञ्चल क्षेत्रीय गोष्ठी राष्ट्रिय योजना आयोगका माननीय सदस्य बिमला राई पौड्यालको प्रमुख आतिथ्य तथा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री श्रीधर गौतमको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उक्त गोष्ठीमा 'महिला र गरिबी,' 'भूमि र गरिबी' 'युवा र गरिबी, र 'बहिष्करण र गरिबी' गरी ४ वटा कार्यपत्र उपर सम्बन्धित सरकारी निकाय, अभियानकर्ता, सरोकारवाला संस्थाहरु तथा गरिबीको पक्षमा वकलात गर्ने अधिकारकर्मीहरु सहित करिब ५८ जना अन्य सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो ।

## ४. वार्षिक समिक्षा वैठक सम्पन्न

मिति २०७१ भाद्र १३ गते सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्री श्रीधर गौतमको अध्यक्षतामा र राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. श्री भारतेन्दु मिश्रको समुपस्थितिमा मन्त्रालयस्तरीय समस्या समाधान समितिको वैठक बसी मन्त्रालय तथा मन्त्रालय संवद्ध निकायहरुका विभिन्न समस्याहरु र समाधानहरुका बारेमा निर्णयहरु गरेको थियो । बैठकले सहकारी बहुउद्देश्यीय बजारीकरण भवनको लागि मलपोखरीको करीब १५० रोपनी जमीन उपलव्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने, गरिबी निवारण सम्बन्धित गरिबी निवारण कोष तथा साना व्यवसायी तथा युवा स्वरोजगार कोष र राष्ट्रिय योजना आयोगमा रहेको गरिबी निवारण महाशाखा यस मन्त्रालयमा गाभिनु पर्ने एवं डिभिजन सहकारी कार्यालयहरु २० जिल्लामा स्थापना गर्न O & M कार्य अघि बढाउँनुपर्ने निर्णय सहित NDAC मा प्रस्तुत गर्ने निर्णय गरेको थियो ।

## विविध जानकारी

- नेपाल सरकार (मं.प.) को २०७१।४।२९ को निर्णयानुसार राष्ट्रिय सहकारी बिकास बोर्डको सदस्य सचिव पदमा श्री प्रसन्न कुमार कोईरालालाई सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा १५ अनुसार नियुक्त गरिएको छ ।

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुख

नामः श्री श्रीघर गौतम

पदः सचिव
सम्पक नं ४२११८६०
मोबाइल नं ९८५१०९५२००
इमेलः shreedhar.gautam@mocpa.gov.np

सूचना अधिकारीको नामः श्री सानुकाजी देशार
पदः उप-सचिव
सम्पर्क नं.४२११७९०
मोबाइल नं. ९८४१४५८६०३
इमेलः

(ट) ऐन, नियम, विनियम, निर्देशिकाको सूची

१. सहकारी तथा गरिबी निवारण मन्त्रालयसंग सम्बन्धित नीतिहरु निम्नानुसार रहेका र तिनीहरु मध्ये केहि तयार भैसकेका र केहि परिमार्जनको आवस्थामा समेत रहेका छन् :

(क) सहकारी ऐन , २०४८
(ख) सहकारी नियमावली, २०४९
(ग) गरिबी निवारण कोष सम्बन्धी नियमावली
(घ) राष्ट्रिय सहकारी नीति २०६९

उपरोक्त नीति कार्यान्वयनका रणनीतिहरु निर्माण तथा परिमार्जनका क्रममा रहेका छन् ।

२. सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्रम आवधिक योजनाले निर्दिष्ट गरे अनुरुप वार्षिक रुपमा तर्जुमा गरी स्विकृत भए बमोजिम हुनेछ ।

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

विवरण संलग्न छ ।

(ड) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

**आ. व. २०७०/०७१ मा मन्त्रालयबाट सम्पादन गरेका प्रमुख कार्यहरुको सारांश निम्नानुसार छन् :**

- पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना( बझाङ्ग,बाजुरा, दैलेख,जाजरकोट,रुकुम,रोल्पा,कालिकोटगरि ८ जिल्लामा संचालन)
- गरिब घरपरिवार पहिचान तथा परिचयपत्र व्यवस्थापन र वितरण वोर्ड ( २५ जिल्लामा गरिब घरपरिवार कार्य सम्पन्न)
- सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रम

(ढ ) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

www.mocpa.gov.np

(ण ) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

वार्षिक प्रतिवेदन, बुलेटिन, अन्य प्रकासनहरु

( त ) तोकिए बमोजिमका अन्य विवरण

**नभएको**